## लिखु गाउँ कार्यपालिकाको बैठक संख्या - ३, (आ.व. २०८२/०८३)

आज मिति २०८२/०८/०४ गते बिहीवार, बिहानको ११ बजे लिखु गाउँपालिकाका अध्यक्ष श्री अशोक कुमार कार्कीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्तावहरुमा छलफल गरी निर्णय गरियो ।

**उपस्थिति**

| क्र.स. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक कुमार कार्की | |
| २ | उपाध्यक्ष | श्री अस्मिता थापा | |
| ३ | वडाध्यक्ष, वडा नं. १ | श्री हिरा बहादुर कार्की | |
| ४ | वडाध्यक्ष, वडा नं. २ | श्री राम कुमार बुढाथोकी | |
| ५ | वडाध्यक्ष, वडा नं. ३ | श्री सोकर्ण श्रेष्ठ | |
| ६ | वडाध्यक्ष, वडा नं. ४ | श्री घनबहादुर कार्की | |
| ७ | वडाध्यक्ष, वडा नं. ५ | श्री मोहन कार्की | |
| ८ | वडाध्यक्ष, वडा नं. ६ | श्री टिका बहादुर क्याप्छाकी | |
| ९ | वडाध्यक्ष, वडा नं. ७ | श्री तारा बहादुर तामाङ | |
| १० | वडाध्यक्ष, वडा नं. ८ | श्री पुरुषोत्तम पौडेल | |
| ११ | वडाध्यक्ष, वडा नं. ९ | श्री केशवहरी ढुंगेल | |
| १२ | कार्यपालिका सदस्य | श्री ईला बहादुर मुदेल | |
| १३ | कार्यपालिका सदस्य | श्री पशुपति सुनुवार | |
| १४ | कार्यपालिका सदस्य | श्री कमला कार्की | |
| १५ | कार्यपालिका सदस्य | श्री रेणुका मगर | |
| १६ | कार्यपालिका सदस्य | श्री अम्बिका बिश्वकर्मा | |
| १७ | कार्यपालिका सदस्य | श्री गितादेवी बर्मे | |
| १८ | सदस्य सचिव | श्री अर्जुन कुमार राउत | |

**सहायक कर्मचारीहरु:**

श्री विपना श्रेष्ठ - प्रशासकीय अधिकृत
श्री कर्ण बहादुर कार्की - कार्यालय सहयोगी
श्री रवि कटवाल - कार्यालय सहयोगी

**बैठक संख्या: २**

**क. मिति: २०८२/०८/०४ गते बिहीवार**

**ख. दिउँसो: १:०० बजे**

---

**क) प्रस्तावित विषयहरुः**

१. समीक्षा सम्बन्धमा।

२. सामाजिक सुरक्षामा आवद्धता सम्बन्धमा।

३. व्याक हु लोडर अपरेटर विज्ञापन सम्बन्धमा।

४. आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा।

५. सवारीसाधन व्यवस्थापन सम्बन्धमा।

६. बजार अनुगमन सम्बन्धमा।

७. योजना सम्झौता शिविर सञ्चालन सम्बन्धमा।

८. चमेना गृहको नवीकरण सम्बन्धमा।

९. बिशेष अनुदान कार्यान्वयन सम्बन्धमा।

१०. प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा।

११. सेवाग्राही सहायता कक्ष स्थापना सम्बन्धमा।

१२. विद्यालय सहायक कर्मचारी, बालविकास सहजकर्ता र विद्यालय कर्मचारी पदको खुल्ला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम, २०८२ सम्बन्धमा।

१३. जग्गा खरिद सम्बन्धमा।

१४. प्रधानमन्त्री रोजगार कार्यक्रमको वडागत बजेट बाँडफाँड सम्बन्धमा।

१५. विविध समसामयिक विषयमा।

   क. कर्मचारी आचारसंहिता सम्बन्धमा।

   ख. कृषि एम्बुलेन्स सम्बन्धमा।

   ग. राष्ट्रपति रनिङ्शिल्ड प्रतियोगिता सम्बन्धमा।

   घ. मकैको बिउ आपूर्ति सम्बन्धमा।

**ख. निर्णयहरु:**

**निर्णय नं १,**

प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा विगतका कार्यपालिकाको बैठकका निर्णयहरु क्रमश: प्रभावकारी रुपमा कार्यान्वयन भइरहेको अवस्थामा यसलाई थप प्रभावकारी बनाउन सरोकारवाला पक्षहरु बिचमा समन्वय गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं २,**

प्रस्ताव नं. २ माथि आवश्यक छलफल गर्दा, गाउँ प्रहरी ऐन, २०७६ तथा पालिका प्रहरी व्यवस्थापन तथा सञ्चालन नियमावली, २०७५ बमोजिम लिखु गाउँपालिकामा कार्यरत पालिका प्रहरी जवानहरुका साथै गाउँपालिकामा कार्यरत हलुका सवारी चालकहरुलाई २०८२ साउन महिना देखि नै लागू हुने गरी योगदानमा आधारित सामाजिक कोषमा आवद्ध गराउन सामाजिक सुरक्षा कोषमा जोड्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ३,**

प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा, लिखु गाउँपालिकामा रहेको ब्याक हु लोडर अपरेटर नियुक्तिका लागि लिखु गाउँपालिकामा करारमा कर्मचारी व्यवस्थापन कार्यविधि, २०७५ बमोजिम आवश्यक प्रकिया अगाडि बढाउने र कार्यपालिकाको मिति २०८१/०९/२५ को निर्णय बमोजिम गठित पदपूर्ति समितिलाई निरन्तरता दिने निर्णय गरियो।

**निर्णय नं. ४,**

प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा, लिखु गाउँपालिकाका देहायको वडाहरुमा विभिन्न कारणले घटना घटेका तथा मृत्यु भएकाको परिवारका सदस्यहरुले आर्थिक सहायता माग निवेदन आएकाले आर्थिक सहायता शिर्षकबाट देहाय बमोजिम आर्थिक सहायता गर्ने सर्वसम्मत निर्णय गरियो ।

| क्र. सं. | घटना भएको कारण | निवेदकको नाम | वडा कार्यालय | आर्थिक सहायता |
|---|---|---|---|---|
| १ | मोहन खड्काको विषादी सेवन गरी मृत्यु भएको | अनिल खड्का | लिखु ९ | २००००। |
| २ | दुत कुमार खड्काको लडेर मृत्यु भएको | सुदर्शन खड्का | लिखु ९ | ३५०००। |
| ३ | घर भत्केको | मान बहादुर कामी | लिखु ३ | १००००। |
| ४ | तोरण बहादुर जोगी लडेर मृत्यु भएको | राम कुमारी जोगी | लिखु ३ | १००००। |
| ५ | नाती पोखरीमा डुवेर मृत्यु भएको | रण बहादुर ढलकोटी | लिखु ३ | १००००। |
| ६ | श्रीमती झुण्डिएर मृत्यु भएको | रण बहादुर नेपाली | लिखु ३ | १००००। |
| ७ | घमण्ड बहादुर खत्री विष सेवन गरी मृत्यु भएको | शोभा खत्री | लिखु ५ | १००००। |

**निर्णय नं. ५,**

प्रस्ताव नं. ५ माथि आवश्यक छलफल गर्दा, गाउँपालिकामा रहेको सवारी साधनहरुको मर्मत तथा सञ्चालन देहाय बमोजिम गर्ने सर्वसम्मत निर्णय गरियो ।

(क) अर्थ मन्त्रालयबाट गाउँपालिकालाई प्राप्त भएको बा. प्र. ०१ प्र. ०२ झ ७३५९ नम्बरको सवारी साधन हालसम्म अर्थ मन्त्रालयबाट पालिकाको जिन्सी प्रणाली (PAMS V2) मा स्थानान्तरण भई नआएकोले जिन्सी प्रणालीमा रहेको अन्य विवरण प्रविष्टि शीर्षकबाट जिन्सी दाखिला गरी कार्यालयको सम्पतिको रुपमा जनाउ गर्ने ।

(ख) लामो समय देखि गाउँपालिकाको पार्किङमा चालू अवस्थामा नरहेको प्रदेश ३-०१-००२ झ ५०७० को सवारी साधनलाई आवश्यक मर्मत गरी शव वाहनको रुपमा प्रयोग गर्ने ।

**निर्णय नं. ६,**

प्रस्ताव नं. ६ माथि आवश्यक छलफल गर्दा, लिखु गाउँपालिकाको स्थानीय हाटबजार अनुगमनको लागि लिखु गाउँपालिका हाटबजार अनुगमन निर्देशिका, २०७५ को नियम ८ बमोजिम बजार अनुगमन टोली गठन गरी बजार अनुगमनलाई नियमित तथा व्यवस्थित गर्ने सर्वसम्मत निर्णय गरियो ।

१. संयोजक – श्री गणेश वली (उपभोक्ता हित संरक्षण हेर्ने शाखा प्रमुख)
२. सदस्य – श्री सुमन पराजुली (सम्बन्धित विषयगत क्षेत्रको प्रतिनिधि)
३. सदस्य – यसम प्रहरी चौकी तथा गाम्नाङटार प्रहरी चौकीको ईन्चार्ज (स्थानीय सुरक्षा निकाय नेपाल प्रहरी)
४. सदस्य – पालिका प्रहरी (स्थानीय प्रशासनको प्रतिनिधि)

**निर्णय नं. ७,**

प्रस्ताव नं. ७ माथि आवश्यक छलफल गर्दा, आ. व. २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रममा समावेश भएका पालिका तथा वडा स्तरीय योजना तथा कार्यक्रमहरुको सम्झौता तथा उपभोक्ता समितिहरुलाई अभिमुखिकरण कार्यक्रम गर्नका लागि वडागत रुपमा शिविर सञ्चालन गर्न कार्यालयले मिति तय गरी शिविर सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ८,**

प्रस्ताव नं. ८ माथि आवश्यक छलफल गर्दा, लिखु गाउँपालिका अन्तर्गत चमेनागृह व्यवस्थापन समितिको मिति २०८२/०७/२० को निर्णय बमोजिम लिखु गाउँपालिकाको परिसरमा सञ्चालनमा रहेको युवराज खाजा घरसँगको चमेनागृह सञ्चालन सम्झौता मिति २०८२/०६/११ गतेबाट लागु हुने गरी थप एक वर्षको लागि नवीकरण गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ९,**

प्रस्ताव नं. ९ माथि आवश्यक छलफल गर्दा, लिखु गाउँपालिकालाई सङ्घीय सरकारको विशेष अनुदान अन्तर्गत लिखु गाउँपालिका स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमका लागि प्राप्त बजेट रु. १,६५,००,०००/-(अक्षरेपी १ करोड ६५ लाख) विशेष अनुदान सम्बन्धी कार्यविधि,२०८१ बमोजिम गाउँपालिकाद्वारा सञ्चालित पाँच शैया आधारभूत अस्पतालको आवश्यकता तथा विशेष अनुदान माग गर्दा पेश गरेको प्रस्तावना बमोजिम देहाय बमोजिमका शीर्षकमा प्रचलित खरिद कानुन बमोजिम कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो । साथै फरक फरक प्रकृतिका काम भएकाले आवश्यकता अनुसार टुक्रा गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

देहाय:

(क)अत्यावश्यक औषधी खरिद,

(ख)आवश्यक स्वास्थ्य उपकरण खरिद,

(ग) अस्पतालमा अत्यावश्यक रहेको पूर्वाधार निर्माण सम्बन्धी कार्य।

**निर्णय नं. १०,**

प्रस्ताव नं. १० माथि आवश्यक छलफल गर्दा, महालेखापरीक्षकको कार्यालयबाट प्राप्त आर्थिक वर्ष २०८१/०८२ को प्रारम्भिक प्रतिवेदन उपर छलफल गरि प्रतिवेदनमा औल्याइएको असुल गर्नुपर्ने तथा प्रमाण पेश गर्नुपर्ने वेरुजुलाई तोकिएको समयभित्रै वेरुजु फछ्र्यौट गरी सम्परीक्षण गर्नका लागि कार्यपालिकाको मिति २०८१/११/०६ मा गठित वेरुजु सम्परीक्षण सहजीकरण समिति तथा कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ११,**

प्रस्ताव नं. ११ माथि आवश्यक छलफल गर्दा, गाउँपालिका कार्यालयबाट प्रवाह गर्ने सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउनका लागि साथै कार्यालयमा हुने अनावश्यक भिडभाड र सेवाग्राहीहरुको सहजताका लागि सेवाग्राही सहायता कक्ष सञ्चालनमा ल्याउन आवश्यक व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२,**

प्रस्ताव नं. १२ माथि आवश्यक छलफल गर्दा, लिखु गाउँपालिका अन्तर्गत शिक्षा समितिको मिति २०८२/०८/०४ गते बसेको बैठकको निर्णय बमोजिम सिफारिस भएको विद्यालय सहायक कर्मचारी, बालविकास सहजकर्ता र विद्यालय कर्मचारी पदको खुल्ला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम, २०८२ स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो। पाठ्यक्रम यसैसाथ संलग्न छ।

**निर्णय नं. १३,**

प्रस्ताव नं. १३ माथि आवश्यक छलफल गर्दा वडा कार्यालयहरुको जग्गा खरिद सम्बन्धमा देहाय बमोजिम सर्वसम्मत निर्णय गरियो।

(क) लिखु गाउँपालिका वडा नं. १ को वडा कार्यालय भवन निर्माणका लागि जग्गा प्राप्ति प्रयोजनार्थ लिखु गाउँपालिका वडा नं. १ स्थित इन्द्रमाया कार्कीको कित्ता नं. २५१ को क्षेत्रफल १३-११-०-३-०० बाट २ रोपनी र दान बहादुर खड्का कित्ता नं. ५४८ को क्षेत्रफल ६-११-३-३ बाट १ रोपनी कित्ता काट गरी कुल ३ रोपनी जग्गा वडा कार्यालयलाई सशुल्क रजिष्ट्रेशन पास गर्नका लागि मालपोत कार्यालय समक्ष सिफारिस गर्ने साथै रजिष्ट्रेशन पास गर्नका लागि वडा नं. १ को वडा अध्यक्ष श्री हिरा बहादुर कार्की प्रतिनिधि पठाउने सर्वसम्मत निर्णय गरियो।

(ख) लिखु गाउँपालिका वडा नं. ८ को वडा कार्यालयका लागि जग्गा प्राप्ति प्रयोजनार्थ लिखु गाउँपालिका वडा नं. ८ स्थित लाल बहादुर तामाङको कित्ता नं. ४४७ को क्षेत्रफल ०-८-०-० जग्गा वडा कार्यालयलाई रजिष्ट्रेशन पास गर्नका लागि मालपोत कार्यालय समक्ष सिफारिस गर्ने साथै जग्गा पास गर्नका लागि वडा सदस्य श्री होम प्रसाद तिमल्सिनालाई प्रतिनिधि पठाउने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. १४,**

प्रस्ताव नं. १४ माथि आवश्यक छलफल गर्दा आ.व. २०८२/०८३ मा कार्यान्वयन हुने वडागत आयोजनाहरुको लागि देहाय बमोजिम श्रमिक संख्या तथा आयोजनाको रकम तय गर्ने निर्णय गरियो।

| क्र. सं. | आयोजनाको विवरण | श्रमिकको संख्या | आयोजनाको रकम |
|---|---|---|---|
| १ | सोलिङ तथा घोरेटो बाटो निर्माण आयोजना लिखु-१ | ६ | ४,०८,०००/- |
| २ | १. वाङ्गेटार आँपडाँडा सडक सोलिङ तथा ढलान स्तरोन्नती आयोजना लिखु-२<br>२. मुलपँधेरा ठुलो चिलाउने सिडी निर्माण आयोजना लिखु-२ | ९ | ६,१,२०००/- |
| ३ | कृषि सडक सोलिङ तथा जाली निर्माण आयोजना लिखु-३ | ८ | ५,४४,०००/- |
| ४ | सहायक कृषि सडक स्तरोन्नती आयोजना लिखु-४ | ८ | ५,४४,०००/- |
| ५ | १. खहरेखोला वसपार्क सडक सोलिङ आयोजना लिखु-५<br>२. भालुडाँडा आईतबारे, मानेडाँडा घोरेटो बाटो निर्माण आयोजना लिखु-५ | ८ | ५,४४,०००/- |
| ६ | डाँडाटोल गैराघर रबेवर सडक सोलिङ आयोजना लिखु-६ | ८ | ५,४४,०००/- |
| ७ | स्थानीय सडक स्तरोन्नती तथा स्थानीय घोरेटो बाटो निर्माण आयोजना लिखु-७ | ८ | ५,४४,०००/- |
| ८ | सातदोबाटो सिस्ने घोरेटो बाटो निर्माण तथा मुलावारी कोप्चे सडक सोलिङ आयोजना लिखु-८ | ९ | ६,१२,०००/- |
| ९ | सोलिङ स्तरोन्नती मर्मत आयोजना लिखु-९ | ९ | ५,९२,०००/- |
| | | ७३ | ४९,४४,०००/- |

**निर्णय नं. १५,**

प्रस्ताव नं. १५ माथि आवश्यक छलफल गर्दा विविध समसामयिक विषयमा देहाय बमोजिम गर्ने सर्वसम्मत निर्णय गरियो।

(क) लिखु गाउँपालिका तथा मातहतका स्वास्थ्य संस्था, वडा कार्यालय तथा विद्यालयमा कार्यरत स्वास्थ्यकर्मी, शिक्षक तथा कर्मचारीहरुको आचरण तथा क्रियाकलापलाई व्यवस्थित र नमुनायोग्य बनाउन आचारसंहिता सम्बन्धमा आवश्यक कार्यविधि तयार गरी आगामी कार्यपालिका बैठकमा पेश गर्न विधेयक समितिलाई निर्देशन दिने।

(ख) कोशी प्रदेश सरकारबाट २०८२/०८३ का लागि प्राप्त पालिकासँगको साझेदारीमा कृषि एम्बुलेन्स खरिद प्रक्रिया अघि बढाउन आवश्यक कार्यविधी तयार गरी आगामी कार्यपालिकामा पेश गर्न विधयक समितिलाई निर्देशन दिने निर्णय गरियो।

(ग) गाउँ शिक्षा समितिको २०८२-०८-०४ गतेको निर्णय बमोजिम गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ्शिल्ड प्रतियोगिता २०८२ मंसिर २४ गतेबाट सञ्चालन गर्ने।

(घ) लिखु गाउँपालिकाको पछिल्लो वर्षहरुमा अन्य खाद्यान्न बालीहरु मध्ये मकैको बीउको माग र खपत अत्याधिक रहेको कुरालाई मध्यनजर गर्दै यस आ. व. को सशर्त कार्यक्रम 'खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान (धान, गहुँ)' बाटै मकैको बीउ आपूर्तिका गर्ने।